नेपाल सरकार

# गृह मन्त्रालय

नेपाल सरकार
गृह मन्त्रालय

पत्र संख्या :-

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७०।२।२८

विषय :- **प्रेस विज्ञप्ति**

मिति २०७० साल जेठ २४ गते रौतहट जिल्लाको पिपरिया दोस्तिया गा.वि.स. वडा नं. ८ भीमडावरस्थित दलित बस्तीमा गैरदलित समुदायका व्यक्तिहरुबाट भएको आक्रमण, तोडफोड एवं कुटपिटको घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाई, छानबिन गरी दोषी उपर कारवाहीका लागि सिफारिश सहितको प्रतिवेदन ७ (सात) दिन भित्र पेश गर्न प्रहरी किताबखानाका महानिर्देशक रुद्रप्रसाद पौडेलको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक यादव अधिकारी र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक देवराज भट्ट सदस्य रहेको छानबिन समिति गठन गरिएको छ ।

साथै जातीय भेदभाव तथा छुवाछुत (अपराध र कसूर सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन तथा यसभन्दा अगाडि दलित उत्थान सम्बन्धमा भएका प्रतिवेदन समेत अध्ययन गरी छुवाछुत र जातीय भेदभावको अन्त्य तथा दलित समुदायको उत्थान र विकासका लागि सुझाव सहितको कार्यान्वयन योजना बनाउन दलित समुदायको समेत प्रतिनिधित्व रहने गरी एक उच्चस्तरीय कार्यदल गठन गर्ने प्रक्रिया अगाडि बढाइ सकिएको हुँदा दलित समुदायसँग सम्बन्धित विभिन्न संस्थाहरु तथा महासंघबाट गर्ने भनिएका आन्दोलनका कार्यक्रमहरु फिर्ता गरी आपसी सद्भाव र शान्ति व्यवस्था कायम गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुन सबैमा नेपाल सरकार, गृह मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

शंकरप्रसाद कोइराला
प्रवक्ता

D:\Control PC-01\Press Bigyapti\2070\रौतहट छानविन.docx